# अग्नीसाइर कृष्णासवरन गाउँपालिका

सितापुर, सप्तरी
प्रदेश नं.२ नेपाल

## शिलबन्दी दरभापत्र आह्वानको सूचना नं. १-०७५/०७६

*प्रथम पटक प्रकाशित मिति : २०७६।०२।१८ गते*

यस कार्यालयवाट तपसिलवमोजिमको कार्य शिलबन्दी दरभाउपत्रको प्रक्रियाबाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजतपत्र प्राप्त इच्छुक नेपाली मालसामान आपूर्तिकर्ता/निर्माण व्यवसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही रित पुर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

शर्तहरू :

१. शिलवन्दी दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रू. १०००/- ( अक्षरेपी रू एक हजार मात्र) दस्तुर फिर्ता नहुने गरि वुझाई अद्यावधिक इजाजत पत्र तथा मु.अ.कर र स्थायी लेखा दर्ता भएको प्रमाणपत्रहरूको साथमा आ.व.२०७४/०७५को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन दिई यस कार्यालयबाट कार्यालय समय भित्र दरभाउ पत्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्र प्रष्टसँग भरि मालसामान आपूर्तिकर्ताले प्रत्येक पानामा सही छाप गरि, शिलबन्दी गरि, खाम वाहिर फर्मको नाम/ठेगाना र कामको नाम प्रष्टसंग लेखी प्रथम पटक सचना प्रकाशन भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र खरिद गरी सोको भोलिपल्ट दिनको १२ बजेसम्ममा दर्ता गराउनु पर्ने छ । म्याद सकिएपछि प्राप्त हुने दरभाउपत्र स्वीकार गरिने छैन । दर्ता भएका दरभाउपत्रहरू सोही दिनको २:०० वजे दरभाउपत्र दाताहरू तथा प्रतिनीधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाताहरू वा प्रतिनीधिहरूको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३. एक फर्म वा संस्थाको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन ।

४. दरभाउपत्र ४५ दिन सम्मको लागि मान्य हुनेछ । दरभाउ पत्र साथ विडवण्ड वापतको धरौटी रकम तपसिलमा उल्लेख भए बमोजिम वैंक जमानत वा यस गा.पा.को रा.वा. वैंक राजविराजमा रहेको धरौटी हि.नं. ९००१५२४७३३५२८०३६ (अग्नीसाइर कृष्णासवरन गाउँपालिका, सितापुर सप्तरीको कोड १५-३६५-१८) मा जम्मा गरेको भौचर वा सो रकम वरावरको यस कार्यालयको नाममा वाणिज्य वैंकबाट जारी गरिएको ७५ (पचहत्तर) दिन म्याद भएको विडवण्ड पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्रको शर्तमा कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा कुनै थप घट वा द्रष्टव्य लेख्न पाइने छैन । प्रस्ताव गरिएको दरभाउपत्र केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको दस्तखत वा सही छाप हुनु पर्नेछ । रित मपुगेको वा सूचनाको शर्त विपरीत दरभाउपत्र माथि कार्वाही हुने छैन ।

६. दरभाउपत्र दाताले BOQ को अंक र अक्षरमा दुवै महलमा अनिवार्य रूपले दर रेट (मु.अ.कर वाहेक) उल्लेख गर्नु पर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

७. दरभाउपत्र पत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोली पल्ट वा विदा पछि कार्यालय खुलेको दिन तोकिएको समयमा हुनेछ ।

८. कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रुपमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. दरभाउ पत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा मो. नं ९८१५५४५६००मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१०. दरभाउपत्र फारम र यस सूचनमा उल्लेख भएका कुराहरूको हकमा यसै सूचना अनुसार र अन्य कुराहरूको हकमा सार्बजनिक खरिद ऐन २०६३ र सार्वजानिक खरिद नियमावली २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

### तपसिल

| सि.नं. | ठेक्का नं | कामको विवरण | कुल ल.ई. रकम (मु.अ.कर वाहेक) रू. | दरभाउपत्र दस्तुर रू. | धरौटी रकम रू |
|---|---|---|---|---|---|
| १ | ०१/०७५/७६ | सि.सि. टि.भी जडा तथा नेटवर्किङ्ग सम्वन्धी काम | १७४००००। | १०००। | ४४०००। |
| २ | ०२/०७५/७६ | फर्निचर तथा फिक्सचर | १७४००००। | १०००। | ४४०००। |

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner